


# हाम्रो अभियान

## गण्डकी प्रदेश सरकारको कोरोना विरुद्धको अभियान

अंक ३ | वर्ष १ | चैत १६ गते | साप्ताहिक समाचारपत्रिका

कोरोना भाइरस रोग (कोभिड-१९) को महामारीबाट उत्पन्न विषम परिस्थितिका बीच हामी गुज्रीरहेको सर्वविदितै छ। नेपालमा हालसम्म केहि संक्रमित विरामीहरु देखिएतापनि सम्भावित अवस्था प्रति सबै पक्ष तयार रहन अत्यन्त आवश्यक छ । यसै सन्दर्भमा नेपाल सरकारले यही चैत ९ देखि २१ गते सम्मलाई अत्यावश्यक सेवा बाहेक सबै सेवा रोक्ने निर्णय गरेको छ। विश्वभरी उत्पन्न परिस्थिति र हालसालै संघीय सरकारले चालेका विभिन्न कदम तथा त्यसबाट विकसित हुन सक्ने परिस्थिति प्रति हामी सजग छौं र आफ्ना कर्तव्यहरुप्रति पनि अत्यन्त सचेत छौं।

कोरोना भाइरस सम्बन्धि गलत सन्देशहरु विभिन्न सामाजिक संजाल मार्फत निरन्तर प्रवाह भइरहेको हुनाले, त्यस्ता सूचनाको पछाडि नलाग्न र केवल आधिकारीक सूचनामा मात्र भर पर्न हार्दिक अपिल गर्दछौं।

विभिन्न समितिहरुले आ-आफ्ना जिम्मेवारीहरु पनि निर्वाह गरिरहेको र प्रदेशभरिका विभिन्न स्वास्थ्य संयन्त्र तथा निकायहरु तयारी अवस्थामा रहेको व्यहोरा पनि जानकारी गराउन चाहन्छौं।

### संकलित नमुना र त्यसको नतिजा सम्बन्धि विवरण

| संकलित नमुना | नेगेटिभ | पोजिटिभ | नतिजा आउन बाँकी |
|---|---|---|---|
| २३ | १९ | १ | ३ |
| - मिति २०७६/१२/१६ गते ३ बजे सम्म प्राप्त | | | |

हालसालै विश्व स्वास्थ्य संगठनले युवाहरु पनि यस भाइरसको जोखिमबाट मुक्त नरहेको जनाएकाले विशेष सतर्कता अपनाउन र तल उल्लेखित सावधानीका उपायहरु अवलम्बन गर्नुहुन सबैमा हार्दिक अनुरोध गर्दछौँ

- ✓ सरसफाइमा उचित ध्यान दिनुहोस् – साबुन पानीले पटकपटक हात धुने र स्यानिटाइजर प्रयोग गर्ने गर्नुहोस्।
- ✓ ज्वरो आएमा वा खोकी लागेमा सतर्कता अपनाऔं।
- ✓ भीडभाडबाट टाढै रहनु होस् र सकेसम्म घरमै बस्नुहोस्।
- ✓ खोक्दा वा हाच्छयुँ गर्दा नाक र मुख ढाकौं।
- ✓ एक अर्का सँग हात मिलाउनुको सट्टा नमास्कार गरौं।
- ✓ अत्यावश्यक वस्तुको अधिक सञ्चय नगर्नु होस्।
- ✓ हल्ला र अफवाहहरूबाट भ्रमित र प्रभावित नहुनुहोस्।
- ✓ चिकित्सक, विज्ञ तथा प्राविधिकहरुको सल्लाहलाई पालना गर्नुहोस् र धैर्यवान हुनुहोस् र संयमता अपनाउनु होस्।

### क्वारेन्टाइन स्थल र आइसोलेसन सम्बन्धि विवरण

| क्वारेन्टाइन संख्या | बेड संख्या | आइसोलेसन बेड संख्या |
|---|---|---|
| ६४ | १३५२ | २९९ |
| - मिति २०७६/१२/१६ गते ३ बजे सम्म प्राप्त | | |

कोरोना सम्बन्धि कुनै पनि जानकारी लिन वा दिन परेमा, स्वास्थ्य सामग्रीहरुको कालो बजारी गरेको पाइएमा, कोरोना सम्बन्धि कुनै गलत प्रचार प्रसार वा जनतालाई भ्रमित पार्ने खालको गतिविधि भएको पाइएमा ०६१-५२४०७४ (विहान ८ देखि सांझ ५ बजे सम्म) मा फोन गर्न सक्नुहुनेछ। कोरोना भाइरस (कोभिड- १९) रोगसंग मिल्दोजुल्दो लक्षण आफु वा अरु कसैलाई देखा परेमा वा कुनै जिज्ञासा भएमा गण्डकी प्रदेश भित्रबाट फोन गर्दा पैसा नलाग्ने **फोन न. १०९२ मा फोन गरि "हेल्लो डाक्टर"** सेवा मार्फत चिकित्सकीय परामर्श तथा अन्य स्वास्थ्य सेवा प्राप्त गर्नुहोस।

गण्डकी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मा माननीय मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङज्युको अध्यक्षतामा आकस्मिक सर्वपक्षिय बैठक सम्पन्न भएको छ। बैठक गण्डकी प्रदेशमा १ जना संक्रमित भेटिइसकेको सन्दर्भमा संक्रमण थप फैलिन नदिन गर्नुपर्ने तयारी, संक्रमितको उपचार र व्यवस्थापन, Contact Tracing, RRT परिचालन लगायतका विषयमा केन्द्रित रहेको थियो।



प्रदेश स्वास्थ्य निर्देशनालय, प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्रमा कोभिड- १९ रोगको बारेमा जानकारी लिन/दिनको लागि **"हेल्लो डक्टर हटलाइन सेवा : १०९२"** शुरुवात भएको छ । उक्त हटलाइन सेवामा सर्वसाधारणले कोभिड -१९ को बारेमा सम्पूर्ण जानकारी तथा मिल्दो जुल्दो लक्षण भएमा चिकित्सकको परामर्श समेत लिन सक्नुहुनेछ । साथै कुनै भ्रामक खबर भएमा समेत उक्त नम्बरमा फोन गरि जानकारी दिन स्वास्थ्य निर्देशनालय अनुरोध समेत गर्दछ।

**विहान ८ बजे देखि बेलुका ५ बजे** सम्म हटलाइन सेवा मार्फत विविध जानकारी र परामर्श लिन सकिनेछ । २०७६/१२/१५ गतेसम्म जम्मा १०५ जनाले **"हेल्लो डाक्टर"** सेवा मार्फत कोभिड - १९ तथा अन्य स्वास्थ्य सम्बन्धि परामर्श लिएका छन्।




गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङज्यू र सामाजिक विकास मन्त्रि माननीय नरदेवी पुन ज्यू ले स्वास्थ्य निर्देशनालयको आकस्मिक रुपमा कोभिड - १९ पुर्वतयारी तथा प्रतिकार्यका लागि भैरहेका गतिविधिहरुको निरिक्षण गर्नुभयो । सो क्रममा स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका निर्देशक डा विनोद विन्दु शर्माले दैनिक रुपमा सूचना संकलन, व्यवस्थापन र सम्प्रेषण गरिरहेको, अस्पताल, स्वास्थ्यकर्मी, हेल्थ डेस्क, ज्वरो क्लिनिक, क्वारेन्टाइनस्थल लगायत संग निरन्तर सम्पर्क र समन्वय गरिरहेको जानकारी प्रदान गर्नुभएको थियो । सोहि सन्दर्भमा प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र(PHEOC) को गतिविधिबारे जानकारी लिनुभयो।

गण्डकी प्रदेशमा समेत १ जना संक्रमित भेटिईसकेको सन्दर्भमा द्रुत प्रतिकार्य टोलि परिचालन, Contact Tracing लगायतका




कार्यहरु शुरुवात भैसकेको छ।

२०७६/१२/१० गते गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङज्युको अध्यक्षतामा बसेको कोरोना भाइरस, रोकथाम, नियन्त्रण र व्यवस्थापनका लागि गठित उच्चस्तरीय निर्देशक समितको बैठकको निर्णय अनुसार प्रदेश अन्तर्गत ५० शैया र सो भन्दा माथिका सम्पूर्ण अस्पतालबाट कोभिड - १९ सम्भावित महामारी, क्वारेन्टाइनस्थल, आइसोलेसन वार्ड लगायतका स्थानहरुमा खटाउनको निम्ति गण्डकी प्रदेशस्थित हब तथा स्याटेलाइट अस्पतालहरुसंग द्रुत प्रतिकार्य टोलि (RRT) को विवरण संकलन गरि तयारी अवस्थामा राखिएको छ

**प्रधान सम्पादक**: डा. बिनोद बिन्दु शर्मा

**सम्पादकहरू** : श्री खिमबहादुर खड्का, श्री शम्भु ज्ञवाली, डा. रामबहादुर के.सी., डा. राजिब लालचन,श्री नबराज शर्मा, श्री अनिल राई, श्री शंकर अधिकारी, श्री सुरक्षा श्रेष्ठ


उद्योग, पर्यटन, वन तथा बाताबरण मन्त्रालयका माननीय मन्त्री विकास लम्सालद्वारा स्वास्थ्य निर्देशनालयको कोरोना भाइरस (COVID-19) संक्रमण, रोकथाम र नियन्त्रण र व्यवस्थापनका लागि गरिएका क्रियाकलापहरुको बारेमा जानकारी लिन अनुगमन भ्रमण गर्नुभयो, उक्त अबसरमा माननीय मन्त्रि ज्यूले गण्डकी प्रदेशमा प्रादेशिक ल्याब स्थापनाका लागि गरिएका पहलमा उद्धोग, पर्यटन,




बन तथा बाताबरण मन्त्रालयले समेत सहयोग गर्ने प्रतिबद्दता ब्यक्त गर्नुभयो ।

घान्द्रुकबाट आएका १२० जना पर्यटकहरुलाई रिजनल अस्पताल, जिरो किलोमिटरको सहयोगमा फिभर क्लिनिकबाट ज्वरो जाच गर्दा सबैको तामक्रम सामान्य रहेको पाइयो ।

नेपाली नागरिकको सुरक्षाका लागि विदेशबाट आएका नेपाली तथा बिदेशी नागरिकहरुको contact tracing गर्नको लागि ईपीडीमीयोलोजि तथा रोग नियन्त्रण महाशाखासंग अनलाईन अभिमुखीकरण सम्पन्न भयो ।




गण्डकी प्रदेश अन्तर्गतका जिल्लाहरुमा कोभिड-१९ को शंकास्पद विरामी देखा परेमा जिल्ला अस्पतालमा उपलब्ध प्रयोगशाला प्राविधिकको सहयोगमा नमुना संकलन गरि अस्पताल वा स्वास्थ्य कार्यालयको सवारी साधन प्रयोग गरि ढुवानीको व्यवस्था गर्न/गराउन जिल्लाहरुमा निर्देशन सहित पत्राचार गरिएको छ ।

गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालय र नेपाल टेलिकमको सहकार्यमा विभिन्न सरोकारवाला र सर्वसाधारणको मोबाइल फोनमा कोरोना भाइरस (कोभिड - १९) रोग सम्बन्धि कुनै पनि जानकारी र परामर्श चाहिएमा "हेल्लो डाक्टर सेवा" मार्फत जानकारी लिन सकिने संदेश सहितको जानकारी एस.एम.एस मार्फत पठाउने व्यवस्था गरिएको छ ।



नेपाल चेम्बर अफ कमर्स कास्की शाखाद्वारा स्वास्थ्य निर्देशनालय, पोखरालाई १००० थान मास्क प्राप्त भएको छ ।

गण्डकी प्रदेश अन्तर्गत ५० शैया र सो भन्दा माथिका सम्पूर्ण अस्पतालबाट कोभिड - १९ सम्भावित महामारी, क्वारेन्टाइनस्थल,



आइसोलेसन वार्ड लगायतका स्थानहरुमा खटाउनको निम्ति गण्डकी प्रदेशस्थित हब तथा स्याटेलाइट अस्पतालहरुबाट प्राप्त द्रुत प्रतिकार्य टोलि (RRT) को Duty Roster तयार गरि विभिन्न निर्णय गरियो ।

प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्रको सम्पर्क

**फोन: ०६१- ५२४०७४, टोल फ्री : १०९२**

**इमेल : pokharapheoc@gmail.com**